# काठमाडौं – कोदारी राजमार्ग

## आवश्यकता र महत्व

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालय
प्रचार तथा प्रसार विभाग

MARTIN CHAUTARI LIBRARY KTM. NEPAL

पहिलो पटक ५००० प्रति

माघ, २०१६

"क" श्रेणी

14776

-मुद्रक-

श्री ५ को सरकार, गोरखापत्र छापाखाना,

काठमाडौं ।

# काठमाडौं-कोदारी राजमार्ग

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालय
प्रचार तथा प्रसार विभाग

## भौगोलिक बनौट र बाटो

सेता-सेता हिम शिखरहरू र नीला एवं हरिया पर्वत श्रृङ्खलाहरूले परिवेष्टित तथा पहाडी खोला नालाले काटिएकाखोंच (Gorge), भीर,लेक-बेसी जङ्गल जङ्गा-रले बनेको जमीनको खटपटे स्थितिले गर्दा नेपाललाई सिंगार्दा प्रकृतिले नै सजिलो आवागमनबाट बञ्चित गरेको देखिन्छ। यस देशको मध्य भागका केही रमणीय उपत्यकाहरू र दक्षिणतर्फका समतल सोताहरूलाई छाडी उत्तरी खण्डता बिलकुल पहाडै-पहाडले आच्छादित छ। फेरि एशियाको नक्सामा हेर्‍यौं भने हामी देख्दछौं कि हाम्रो देश जमिनै-जमिनले घेरिएको ( land-locked ) र सस्तो एवं सजिलो सामुद्रिक आवागमनको दृष्टिबाट बञ्चित छ, साथै भूमिको उँचो-होंचो

बनौटले गर्दा यहां ठूल-ठूला हवाई मैदानहरू धेरै बनाउन पनि एक ता कठिन छ, अर्को असाध्य खर्चिलो छ। तर पनि हामीलाई सम्पर्क चाहिएको छ,– देशको एक भागबाट अर्को भागमा, एक देशबाट अर्को देशमा आउन जान, व्यापार गर्न र मालसामान ओसार-पसार गर्न। हामीलाई आन्तरिक एवं अन्तर्देशीय व्यापार चाहिएको छ, आर्थिक आदानप्रदान चाहिएको छ। कृषिका ठूल-ठूला औजारहरू, कारखानाहरूका सामानहरू र यातायात तथा सञ्चारका साधनहरू राष्ट्रको टाढा-टाढा कुना काप्चामा समेत पुऱ्याउनु छ; यी सब कुरा राष्ट्रको सर्वाङ्गीण विकासका लागि नभै नहुने हुँदा हामीलाई बाटोघाटो अति जरूरी छ। यसै कारण सम्पूर्ण देशवासीले एक आवाज गर्नु परेको छ– बाटो खन, सडक बनाऊ। मुलुकको यही महत्वपूर्ण आवश्यकतालाई ध्यानमा राखी काठमाडौं–कोदारी सडकलाई भरसक छिटो बनाउनु हाम्रो सामुहिक अभिभारा भएको छ। देशप्रति यो हाम्रो कर्तव्य पनि हो। आजको समयको माग पनि यही हो।

## नेपाल र चीनका बीच राजपथ निर्माण बारे सम्झौता

राष्ट्रनायक श्री ५ महेन्द्रको २०१८ सालमा भएको गणतन्त्र चीनको राजकीय भ्रमणका अवसरमा

भएका अन्य कतिपय महत्वपूर्ण कुराहरूका अतिरिक्त दुइटा महत्वपूर्ण कुरामा एक हो– नेपाल चीन–सीमा सम्झौता र अर्को हो– काठमाडौं–कोदारी राजपथ निर्माण बारेको सम्झौता। काठमाडौं–कोदारी रागमार्गको निर्माण विषयको सम्झौता मौसूफको चीन यात्राका अवसरमा २०१८ साल असोज २९ गते आदित्यवारका दिन पेकिङ्गमा भएको हो। यस सम्झौतामा श्री ५ को सरकार, नेपालका तर्फबाट मन्त्री परिषद्का उपाध्यक्ष, परराष्ट्र तथा राजदरबार सम्बन्धी मन्त्री डा. तुलसी गिरी र गणतन्त्र चीन सरकारका तर्फबाट चीनको मन्त्रिपरिषद्का उपाध्यक्ष तथा परराष्ट्रमन्त्री मार्शल चेन्-यीले,हस्ताक्षर गर्नु भएको हो। नेपाल र चीनले दुइ देशका बीच भएको शान्ति र मैत्रीको सन्धीको सिलसिलामा र दुइ देशका बीच रहेको मैत्री सम्बन्ध र आर्थिक आदान प्रदानलाई बढता दृढिकरण गर्ने हेतुले नेपालको राजधानी काठमाडौंदेखि चीनको तिब्बती क्षेत्रसम्म राजमार्ग बनाउन मञ्जूर गरी सम्झौता हुन गएको हो।

सम्झौतानुसार काठमाडौं–कोदारी राजपथ निर्माण गर्दा नेपालभित्र पर्ने सो राजपथ योजनाको भागको निर्माण गर्ने जिम्मेवारी श्री ५ को सरकारमा रहने छ तथा चिनियां क्षेत्रमा पर्ने सो राजपथको भाग बनाउने

काम चीन सरकारको हुनेछ ।

श्री ५ को सरकारको अनुरोधमा चीन सरकारले नेपालभित्र सो राजमार्गको भागको निर्माणका निमित्त नेपाललाई सन् १९६२ जुलाई १ तारिखदेखि १९६६ जून ३० तारिखसम्म किस्ताबन्दीको रूपमा बिना मुआवजा तथा कुनै शर्त एवं विशेष अधिकार रहित ३५ लाख पाउण्ड स्टर्लिङ्गको आर्थिक सहायता दिनेछ ।

सम्झौता मुताबिक सो आर्थिक सहायता अन्तर्गत चीन सरकारले नेपाललाई विशेषज्ञ पठाउने र प्राविधिक सहायता दिने, राजपथ निर्माण सम्बन्धी कामलाई आवश्यक कलपूर्जा र सरसामानको सहायता र नेपाली प्राविधिक तथा शिल्पज्ञहरूलाई तालिम दिने सम्बन्धी सहायता समेत दिन मञ्जूर गरेको छ ।

चीन सरकारले नेपालमा पठाएका विशेषज्ञ तथा प्राविधिज्ञहरू र श्री ५ को सरकारले चीनमा पठाएका शिक्षार्थीहरूलाई सन् १९६० मार्च २१ मा पेकिङ्गमा भएको नेपाल–चीन आर्थिक सहायता विषयक सम्झौता अन्तर्गत एवं काठमाडौं–कोदारी राजपथ निर्माण सम्झौताद्वारा निर्धारित व्यवस्था अनुसार प्रवन्ध हुनेछ भनी सम्झौतामा उल्लेख गरिएकोछ ।

यो राजमार्ग निर्माण विषयक पूर्व सम्झौता

कार्यान्विबन गर्ने बारे नेपाल र चीन बीच २०१९ पौष २९ गते एक प्रोटोकलमा हस्ताक्षर भयो। प्रोटोकलमा सो राजमार्ग निर्माणार्थ पूर्व सम्झौतानुसार चीनबाट प्राप्त हुने ने. रू. ७,५१,८०,००० मध्येबाट आवश्यक विशेषज्ञ, माल सामान तथा मेशिनरी प्राप्त हुने छ र उक्त रकमबाटै स्थानीय खर्चको रूपमा प्राप्त हुने ने. रू. २,८९,९८,००० मध्येबाट ने. रू. १,५०,३६,००० नगदमा र ने. रू. १,३९,६२,००० जिन्सी सामानको रूपमा चीनबाट निर्माण अवधिभित्र प्राप्त हुने भएको छ।

**बाटो– वर्तमान युगको बरदान**

धनी र विकसित मुलुकहरूसंग दांज्दा हामी आफूलाई पछाडि परेको पाउंछौं भन्न लाज मान्ने कुरा होइन। तर हामी चूप लागिबसेका छैनौं, हात बांधी बसेका छैनौं। यो भन्दा अवश्य गौरवले छाति फुल्दछ कि हामी पनि आफ्नो साधन र शक्तिका भरमा भरसक प्रगतिपथमा लम्कन खोजिरहेका छौं। संसारका उन्नतिशील राष्ट्रहरूले सयौं वर्ष लगाएर हासिल गरेको विकासको लक्षलाई हामीले दश–बीस वर्षमै प्राप्त गर्नु परेकोले पनि हामी आफ्नो फड्कालाई झन् लामो बनाई अगाडि बढ्न चाहन्छौं। हाम्रो यस राष्ट्रनिर्माणको पवित्र भावना र

देशभक्तिको उच्च आदर्शप्रति हाम्रा सच्चा हितैषी साथीहरूले सहानुभूतिपूर्ण र सहयोगात्मक दृष्टि राखेका छन् भन्न सकिन्छ। यो कुराको ज्वलन्त प्रमाण भिन्नै राजनीतिक दृष्टिकोण र प्रणालीमा विश्वास राख्ने मित्रराष्ट्र चीनले पनि हाम्रो मुलुकको सर्वाङ्गीण विकासमा देखाएको सहयोगात्मक भावना नै प्रत्यक्ष छ। पश्चिमी राष्ट्रबाट अन्धानुकरण गरिएको संसदीय प्रणाली अफाप सिद्ध भएकोले हामीले त्यसको ठाउंमा नेपाली परम्परा, विचार र आदर्श अनुकूल पञ्चायती व्यवस्था ल्यायौं, त्यसमा कोही कोही नक्कल गरिएको संसदीय प्रणालीका अन्धा समर्थकले स्वार्थवश हामीमाथि अनेकन् शंका उपशंका सहितको कुदृष्टि राखे। पुरानो मित्रराष्ट्र चीनले भने हामीलाई आफ्नो राष्ट्रको विकास आफ्नै ढंग र प्रणालीबाट गर्नमा हरप्रकार सद्भावना र सहयोग दिएको हाम्रै आंखा अगाडि छंदैछ। यस पृष्ठभूमिमा हेर्दा मित्रराष्ट्र चीनको सहायताबाट बन्न लागेको यो काठमाडौं–कोदारी राजमार्ग हाम्रो मुलुकको ब्यापार, उद्योगधन्दाको विकास र नेपाली जनताको आर्थिक उन्नतिको निमित्त यस युगको बरदान हुनेछ। यो ठोकेर भन्न सकिन्छ।

## नेपाल र चीनका बीच आवत–जावत

नेपाल अधिराज्य र गणतन्त्र चीनका बीचको मैत्री हजारौं वर्ष पुरानो हो । यी दुइ देशका बीच ब्यापारिक एवं सांस्कृतिक सम्पर्क प्राचीन एवं माध्यमिक युगदेखि रहंदै आएको छ । यस कुराको साक्षी इतिहास छ । काठमाडौं उपत्यका "नागह्लद" (दह वा सरोवर) थियो जब चीनबाट मञ्जुश्री आफ्ना चेलाहरू सहित आई चक्रतीर्थ (चोभार वा कटुवालदह) मा पहाड फोरी यहांको पानी बाहिर निकालेर यस उपत्यकालाई बसोबासयोग्य बनाई स्वदेश फर्केर गए । हिमाच्छादित चोटीहरूले पनि मञ्जुश्रीलाई यस मैत्रीपूर्ण मुलुकमा आउनबाट रोक्न सकेनन् भन्ने कुरा पढ्दा अवश्य चिनिया साथीहरूको सद्भावना र शुभेच्छाले हाम्रो हृदयको गहिराइलाई छुन्छन् । देवपाटनलाई मञ्जुश्रीका शिष्यहरूले मञ्जुपतन नाउं दिएर "मञ्जुश्री"– चैत्य पनि त्यहां खडा गरे जहां आज पनि वसन्तपञ्चमीको दिनको यात्रामा ती चिनियां साथीको संझना गरिन्छ । यो एउटा पुरानो तर चिरस्मरणीय कुरा उदाहरणको रूपमा मात्र यहां प्रस्तुत गरिएको हो । नेपाल र चीनका बीच धार्मिक,सांस्कृतिक एवं आर्थिक आदान-प्रदान यातायात तथा सञ्चारका साधनहरूको ठूलो अभावका

बखत पनि हुंदै आएको हो । नेपाल हिमालयमा प्राचीन कालदेखिका एक दर्जन भन्दा बढी भन्ज्याङ्गहरू ( Pass ) छन्, जस्तो– टिपताला, पोपतिया, बाङ्गवा, फलाकलामटाङ्ग, फुग्रीघ्याकु, रसुवा, साल्पु, लार्के, मुस्ताङ्ग, नौजा, नालङ्कर, ब्यांस भंज्यांडहरू– जुन मार्गद्वारा भरिया, घोडा, खच्चर, चौंरी, भेडा, च्यांग्रा र गधाको मद्दतले ब्यापारी एवं धार्मिक श्रद्धालुहरूको नेपाल र चीन बीच आउनु जानु भै आएको छ । प्रारम्भिक कालमा नेपालको आर्थिक आधार वाणिज्य व्यवसाय नै थियो र यो विशेषतः उत्तरतिरका छिमेकी मुलुकहरूसंग खूब चलेको थियो । अठारौं शताब्दीसम्म ता नेपालले भारत र चीनका बीचको ब्यापार सूत्र ( trade–link ) को काम पनि गरेको थियो । तिब्बतबाट नेपालमा वनस्पति ( medicinal herbs ) नून, चौंरीको पुच्छर, सुन, चांदी आदि सामग्री आउंथ्यो र नेपालबाट तिब्बत र चीनसम्म धातुका भांडाकुंडा, मूर्तिहरू, खुर्सानी, प्याज, हस्तिहाड र काठका मालसामान जान्थ्यो । यही प्राचीन ब्यापार, आर्थिक एवं सांस्कृतिक आदान-प्रदान हुने गरेको गोरेटोलाई हामीले आज युगको मांग अनुसारको सडक तुल्याउन लागेका हौं ।

इतिहास भन्दछ—ईशाको सातौं शताब्दीतिर बौद्ध-धर्म सम्पूर्ण एशियाको धर्म हुन गएकोले ता नेपालको धार्मिक एवं सांस्कृतिक सम्पर्क तिब्बत र चीनसंग झन् बढ्न गयो, साथै ब्यापारको बृद्धि भयो। प्रसिद्ध चिनियां इतिहासकार एवं विद्वान ह्युन साङ्ग र फाहियान पनि नेपालको लुम्बिनी (महात्मा गौतम बुद्धको जन्मथलो) मा आएका थिए। ह्युनसाङ्गको नेपाल आगमन सन् ६४० तिर भएको थियो र उनले आफ्नो यात्रा-विवरण-मा लुम्बिनीको अशोक स्तम्भ चट्याङ्गले चिरिएको र कैलाश कूट भवनको पनि बयान गरेका छन्। हिमालय तरेर नेपाल पुग्न कठिन भए तापनि बुद्धको जन्मभूमि लुम्बिनी (नेपाल तराई) को दर्शन गर्ने उत्कट अभिलाषा भएका २६ वर्षीय चिनियां विद्वान ह्युन साङ्गले कतिपय कष्ट र आपदहरू झेलेर कैयन् देशहरू, जस्तो—तुर्फान, कराशहर, कुछा, समरकन्द, पश्चिमी तुर्की साम्राज्य, ओकसस, ब्याक्ट्रिया, बल्ख, हिन्दुकुश पहाड, बामियान, कपिशा, लम्पाका, गान्धार, खाइबर भंज्यांङ, काश्मिर इत्यादि पार गरी नेपाल तराई लुम्बिनी आएको कुराले पनि नेपाल र चीनका बीचको सम्पर्क छर्लङ्ग हुन्छ। यतातिर किराती राजाहरूको शासन कालदेखि नै नेपालबाट हिउंले ढाकिएका कठिन

भंज्यांङहरू नाघेर पनि बौद्ध संस्कृति तिब्बत, चीनमा गयो । राजा अंशुवर्माले ता तिब्बतका तत्कालीन प्रतापी युवक राजा स्रोङ-चङ्ग-गम्पोसंग आफ्नी छोरी भृकुटीको विवाह गरिदिएर नेपाल र तिब्बतको बीच घनिष्टता बढाए । राजकुमारी भृकुटीले पनि दाइजोका माल सामानमा आफ्नो माइती नेपालबाट अक्षोभ्य र मैत्रेयका मूर्तिहरू तिब्बतमा लगिन् । उता राजा स्रोङ-चङ्ग-गम्पोले पनि नेपालबाट बौद्ध ग्रन्थ र विद्वानहरू झिकाई नेपाल र तिब्बतका बीच धार्मिक एवं सांस्कृतिक सम्बन्ध घनिष्टतम बनाए । भारतमा ईश्लाम धर्मको बाढी आउन थाले पछि ता झन् दक्षिणतिर वास्तै नराखी नेपालीहरूले तिब्बत, चीनतिरै धार्मिक एवं सांस्कृतिक सम्बन्धमा ध्यान दिए । महान् नेपाली कलाकार अरनीको ( Arniko ) ले तेह्रौं शताब्दीमा नेपालको आफ्नै मौलिक कला-शैली- पैगोडा शैली ( Pagoda Style ) लाई चीनमा पुऱ्याए । त्यहां उनले स्थापत्य-कला ( Architecture ) को त्यस क्रान्तिकारी शैलीमा चीनको राजधानी पेकिङ्गमा मीयाओईङ्ग मठ ( Miaoying Monastary ) मा ग्रेट ह्वाइट डगोवा ( Great White Dagoba ) सन् १२७१

मा बनाए, जुन आजसम्म पनि नेपाल र चीनका बीचको सांस्कृतिक आदान–प्रदानको चिरस्मरणीय प्रतीकको रूपमा छंदैछन् । अरनीको नेपालका तत्कालीन सांस्कृतिक दूत नै भए । सोही शताब्दीमा कनकश्री, बुद्धश्री, वीरोचना, रत्नकीर्ति नामका विद्वानहरू नेपालबाट तिब्बतमा गएको इतिहासले उल्लेख गर्दछ । नेपाल र चीनका बीच सद्भावनामण्डलहरू (Goodwill Missions) को आदान-प्रदान सन् १९०८ मा पनि भएको थियो । यस्ता कतिपय दृष्टिकोणबाट दुबै देशका बीच मैत्री संबन्ध मजबूत पार्न युगौं युगौंदेखि नेपालीहरू र चिनियांहरू ब्यापार, धर्म, संस्कृति र अन्य कैयन् कुराको निमित्त हिमालय पर्वत नाघी भेटघाट गर्दै आएका छन् भन्नेकुरा प्रत्यक्ष छ । यस प्रकार वर्तमान काठमाडौं–कोदारी राजमार्ग त्यही पुरानो ऐतिहासिक मैत्री संबन्ध एवं आर्थिक आदान प्रदानलाई युगानुकूल र बढ्ता दृढिकरण गर्ने हेतुले निर्माण हुंदैछ । यो बाटो बन्नाले हाम्रा दुबै देशको प्राचीन परम्परागत वाणिज्य व्यवसाय र सांस्कृतिक सम्पर्क वर्तमान समयलाई सुहाउने गरी बढ्दै जानेछ, यो निश्चित छ ।

## काठमाडौं–कोदारी राजमार्ग निर्माणमा प्रगति

नेपाल र चीनको बीच निकटतम मैत्री संबन्ध

एवं घनिष्ट आर्थिक आदान–प्रदानको निमित्त मात्र हैन, नेपाली मात्रको लागि ब्यापारिक एवं व्यवसायिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण भनी समयले मांग गरेको यो काठमाडौं–कोदारी राजमार्ग निर्माणको निमित्त हाम्रो मित्रराष्ट्र गणतन्त्र चीनका प्राविधिज्ञ-हरूको सहायताबाट प्रारम्भिक सर्वेक्षण यथासमयमै तत्परताका साथ सम्पन्न हुन गएको छ । आधुनिक युगको हाम्रो यस्तो अत्यावश्यक राजमार्ग निर्माण सम्बन्धी कार्य द्रुतगतिले अगाडि बढाएर श्री ५ को सरकारले देश र जनताको कल्याणकारी कार्य शीघ्राति-शीघ्र सम्पन्न गर्ने दृढनिश्चयताको वास्तविक परिचय दिएको छ । निर्माणको युगमा लम्कन भरमग्दूर जोड गरिरहेको नेपाललाई हरप्रकारले कतिपय औद्योगिक आदि क्षेत्रमा सहायता प्रदान गर्नको साथै यो काठमा-डौं–कोदारी राजमार्गलाई छिटो छिटो बनाउन स्वच्छ भावनाले प्रेरित भै यथासम्भव सहयोग र सहायता दिएर हाम्रो साथी देश चीनले सच्चा दोस्तीको चिनारी दिएको छ, यसमा कुनै शंका छैन । काठमाडौं-कोदारी राजमार्गको जुन प्रारम्भिक सर्वेक्षण संपन्न भएको छ सो कार्यमा स्थानीय खर्च पनि चीन सरका-रका तर्फबाटै ब्यहोरिएको कुरा सर्वविदितै छ । अहिले

सो राजमार्गको विस्तृत सर्वेक्षण पनि प्रारम्भ भैसकेको छ। त्यसका अतिरिक्त सो सर्वेक्षणको साथसाथै मार्ग निर्माणको काम पनि द्रुतगतिले चालू गर्न आवश्यक सरसामान विदेशबाट झिकाउने व्यवस्था भैसकेको छ। अब यसमा रत्तिभर पनि शंका गर्ने ठाउं छैन कि अविलम्ब नै यो राजमार्गको सर्वेक्षणको कार्य अगाडि बढ्ने बित्तिकै निर्माणको काम पनि जोडतोडका साथ हुन थाल्नेछ।

**दक्षिणको बाटोले मात्र पुगेन**

वर्तमान समय, परिस्थिति, ब्यापार, संस्कृति सबैको एक स्वर छ–दक्षिणको बाटोले मात्र पुगेन। तसर्थ युगपुरुष श्री ५ महेन्द्रले नेपालको लागि वर्तमान युगको सबभन्दा क्रान्तिकारी कदमको रूपमा पूर्व-पश्चिम राजमार्ग निर्माण गर्ने घोषणा गरिबक्स्यो, राष्ट्रिय एकता र मुलुकको सर्वाङ्गीण विकासको निमित्त अत्यावश्यक पूर्व–पश्चिम राजमार्गको निर्माणमा आज सम्पूर्ण नेपाली तन–मन–धनले सहयोग गर्दैछन्। त्यस्तै राष्ट्रनायकको छत्रच्छायामा अर्को एउटा महत्वपूर्ण बाटो पनि बन्दैछ–त्यो हो, काठमाडौं-कोदारी राजमार्ग।

राष्ट्रको सर्वाङ्गीण विकासको निमित्त अत्याव-

श्यक उत्तर–दक्षिणका सडकहरूका अभावको अनुभव नेपाली मात्रले युगौंदेखि गरिआएको हो । देशको उत्तरी पहाडी भागका जडीबुटीं, फलफूल आदि दक्षिणी समतल भागमा र तराइका बढी उत्पादन धान, पाट, तोरी, रहर, उखू आदि हिमाच्छादित खण्डमा पुऱ्याइ मुलुकलाई आत्मनिर्भर बनाउने आदर्शतिर लम्कन देशवासीले भित्री हृदयले चाहेको, पर्खेको र खोजेको धेरै समय अघिदेखि हो । अर्को कुरा, हाम्रा पर्वतमालाहरू धेरै जसो पूर्व-पश्छिम भएर फैलिएका छन् र जति उत्तराखंडतिर लाग्यो, पहाडहरूको उँचाई बढ्दै गएको भेटिन्छ, त्यसले पनि जति हामी सुदुर उत्तरी भाग भेट्ने मार्ग वनाउँदै जान्छौ उति मुलुकको विभिन्न भागमा समान अनुपातिक रूपले वसोबास, आवत–जावत, उद्योग–धन्दा, कृषि र पशुपालनको वृद्धि हुन गै राष्ट्रको सर्वपक्षीय विकास हुने निश्चित छ । हिउंका टोपी लाएका अग्ला चोटीहरू र अद्भूत प्राकृतिक सौंन्दर्यले भरपूर उत्तरी क्षेत्रमा जान याता-यातको साधनको अभावमा सौन्दर्यप्रेमीमैदानी यात्रु तथा बिदेशी पर्यटकहरू सेता हिम–शृङ्खलालाई टाढैबाट भित्ती चित्रलाई झै हेरी मन थाम्दछन् । ती हिउंका पर्बत र हिमानीका प्रदेशमा आबतजाबतका साधन

भए यहां पर्यटन व्यवसायको बृद्धिका साथै बिदेशी मुद्राको आय बढ्ने सबैले देखेको हो। यस प्रकार आन्तरिक एवं अन्तर्देशीय व्यापारिक आदान प्रदानको लागि ठूलो महत्वको उत्तर दक्षिणका मार्ग देशले आज बनाउन लागेको छ। यसरी राष्ट्रको वास्तविक खांचो पूरा गर्न काठमाडौं-कोदारी राजमार्ग बन्न लागेकोछ। वर्तमान युगमा मुलुकका सबै भागको विकासार्थ दक्षिण तर्फका बाटोहरूले मात्र नपुगेकाले उत्तर–दक्षिणका सडकका निर्माणमा जोड दिईरहेका हाम्रो माझयो मार्ग निर्माणको निधो हर्ष र हौसलाको विषय भएर आएकोछ। राष्ट्रनायक श्री ५ महाराजाधिराजको सुयोग्य एवं सुकिलो नेतृत्वमा चौतर्फी उन्नति गरिरहेको हाम्रो राष्ट्रले यस दिशामा चालेको सबभन्दा महत्व पूर्ण कदम हो–काठमाडौं–कोदारी राजमार्ग निर्माण। व्यापार, कृषि तथा उद्योगको बिकासार्थ सहायक एवं लाभदायक यस राजमार्गको निर्माण देश तथा देशवासीलाई वर्तमान समयको ठूलो देन सिद्ध हुनेछ। यी सब कुराबाट अब आजको युगले दक्षिणको बाटो र त्यहांबाट हुने ब्यापार एवं आर्थिक आदान–प्रदान मात्र पर्याप्त छैन, हामीले अन्य दिशातर्फ पनि बाटोघाटो खोली वाणिज्य व्यवसाय चालू गरी देशभित्रै

आवश्यक उद्योगधन्दाको स्थापना गरी आर्थिक आत्म-निर्भरता ( Economic self - sufficiency ) तिर दृढ कदम चाल्नु पर्‍यो भन्ने पक्का संकल्प सबै नेपालीले गरेकाछन् । आर्थिक दृष्टिकोणबाट अत्यन्त महत्व-पूर्ण ठहरिएको यो काठमाडौं-ल्हासा सडकलाई अविलम्ब बनाउनु पर्दछ भन्ने कुरा प्रत्येक व्यक्तिलाई राम्ररी बोध हुन गएको छ । हाम्रो त्रिवर्षीय योजना अन्तर्गत हुन लागेको यस राजमार्ग निर्माणको महान् कार्यमा सम्पूर्ण देशवासीको सद्भावना र सहयोग रहने कुरा निर्विवाद छ ।

हाम्रो मुलुकले द्रुतगतिले चौतर्फी उन्नति गरेको स्वप्न नसक्नेहरूलाई र यस महत्वपूर्ण राजपथको निर्माणमाथि अनाहक अनेक शंका उपशंका गर्नेलाई तर्क र बहसमा परास्त भए पनि आफ्नो एकोहोरो ढिपी नछाड्नेहरूको लाममा राख्नु सिवाय हामीले अरू के गर्ने ? राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट पोखराको पार्दी बांधको उद्घाटन समारोहमा बक्सेको भाषणको निम्न लिखित उद्धरण नै त्यस्ता दोष मात्र खोजी हिंड्नेहरूलाई पर्याप्त जवाफ छ :–

"सुन्दछु, कोही कोही भन्छन् रे–हाल भविष्यमा बन्ने निधो भएको काठमाडौं–ल्हासामार्गबाट पनि कम्यु-

निज्मलाई निम्त्याए झैं हुन्छ रे । मलाई हांसो उठ्छ, यो बाटो त कुनै नयां कुरै होइन । सबभन्दा पहिले हामीलाई देशभित्र खास गरी पूर्व–पश्चिम बाटोको कति आवश्यकता छ सो प्रत्येक नेपालीले जानेकै कुरो छ । यही आवश्यकता पूर्तिको लागि अनेक प्रयत्न गर्‍यौं र आर.टी.ओ. बाट ठाउं ठाउं गरी करीब नौसय माइल दक्षिण–उत्तर बाटो बन्दैछ, त्यस्तै यो एउटा पनि दक्षिण-उत्तर बाटो थपिएला जसमा परम्परादेखि ब्यापार सम्बन्धी खच्चड हिड्ने गोरेटो ता छंदैछ तर त्यसैले अब आधुनिक जमाना सुहाउने रूप लिनेछ भने, कुरै नबुझेर, आफ्नो हक र स्वतन्त्रतालाई नै संकुचित मुलाहिजामा भुलेर आंखा चिम्लेर खालि कम्युनिज्म टच्याक्सी चढेर पस्दछ मात्र भन्छन् भने ता त्यस्ता संकीर्ण भावना मात्र लिएर एकोहोरो बोल्नेहरूलाई मेरो कुनै जवाफ छैन, त्यस्ताहरूप्रति खेदपूर्ण सहानुभूतिसम्म प्रकट गर्न सक्छु, अरू के भनुं ?"

राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट मौसूफको २०१६ साल वैशाखको भारतको राजकीय यात्राका अवसरमा नयां दिल्लीमा भारतीय विश्व सम्बन्ध परिषद् ( Indian Council of World Affairs ) को सभामा बक्सेको सम्बोधन भाषणमा

पनि यस राजपथ निर्माणको पवित्र उद्देश्य र यसको महत्वमाथि प्रकाश पारिबक्संदै हुकूम भएको थियो– "प्रस्तावित काठमाडौं–तिब्बत राजमार्गले नेपाललाई आफ्नो राष्ट्रिय शक्ति र आवश्यकताको अनुपातमा कसैलाई बाधा नपर्ने गरी आफ्नो बढ्दो वाणिज्य ब्यापारको लागि एउटा वैकल्पिक निकास दिनेछ र नेपाल तथा चीनलाई नजिक ल्याउनेछ। त्यस बाहेक यो राजमार्गले देशको हाल असाध्य दुर्गम र अविकसित आन्तरिक क्षेत्रलाई पनि सुगम पार्नेछ।"

भारतका अखवारहरूले एकोहोरो एक पक्षीय दोषै-दोष मात्र देखाउने जुन प्रवृत्तिका साथ यस काठमाडौं–कोदारी राजपथका सम्बन्धमा लेखे तिनलाई पनि मुख-भरिको जवाफ मन्त्रिपरिषद्का उपाध्यक्ष, परराष्ट्र तथा राजदरबार सम्बन्धीमन्त्री डा. तुलसी गिरीले २०१८ साल मार्ग १० गते वीरगञ्जमा आयोजित आमसभामा दिनु भएको छः-

"काठमाडौं–तिब्बत बाटो निर्माणको कुरालाई भारतका अखवारहरूले रुचाएनन्। तर उत्तर जोड्ने बाटोलाई भारतले नरुचाए जस्तै दक्षिण जोड्ने बाटोलाई चीनले पनि नरुचाउन सक्छ। यो हालतमा

के नेपालले कुनै बाटो नै नबनाएर बस्ने ? कहीं पनि प्रगति नगरेर बस्ने ? यस्तै नेपालमा चुरोटको कारखाना खुल्ला र भारतको चुरोट नेपालमा आउन पाएन भने के त्यसलाई आर्थिक धम्की भन्ने ?"

"श्री ५ को सरकारको परराष्ट्र नीति" शीर्षकको पुस्तिका जुन ऐतिहासिक बुद्धिजीवी सम्मेलनको उपलक्षमा प्रकाशित भएथ्यो, त्यसमा पनि यस काठमाडौं-कोदारी राजमार्गको महत्वमाथि राम्रो प्रकाश पारिएको छ– त्यस पुस्तिकाको उद्धरण यस प्रकार छः–

"नेपालको आर्थिक विकासलाई ध्यानमा राखेर श्री ५ को सरकार र चीन सरकारका बीच काठमाडौं-तिब्बत सडक सम्झौतामा हस्ताक्षर भएको छ र यो सडकले नेपालको दुर्गमस्थानहरूमा पनि यातायातको सुप्रवन्ध गर्नुको साथै आर्थिक विकासमा ठूलो सहायता मिल्नेछ भन्ने विश्वास गरिएको छ । त्यस सडकको संबन्धमा केही विदेशीहरूले अनेक शंका उठाएका थिए, तर यो सडकलाई नेपाल–तिब्बतको बीच ब्यापारको भई राखेका अनेक गोरेटाहरू भई आधुनिक युग सुहाउंदो बाटोको रूपसम्म दिने व्यवस्था भएको हो र आर्थिक विकास बाहेक अरू कुनै ध्येयले यो सडक बन्न लागेको छैन ।"

यस काठमाडौं–कोदारी राजपथ बनाउनुको उद्देश्यलाई अझ स्पष्ट गर्दै २०१८ मार्ग १४ गते भारतको लागि तत्कालीन शाही नेपाली राजदूतले नयां दिल्लीको प्रेस क्लबमा आयोजित एक समारोहमा भन्नु भएको थियो:–

"श्री ५ को सरकारले चीनको सहायताद्वारा बनाउन लागेको काठमाडौं–तिब्बत जोड्ने मार्गको निर्माणमा कुनै सामरिक महत्वको कुरा छैन, न यसले भारतलाई अलिकता पनि खतरा उत्पन्न गर्छ। यस राजमार्गनिर्माण योजनाको एक मात्र उद्देश्य हालसम्म रहिआएको नेपालको उत्तरी सीमाका केही क्षेत्रहरू-संगको सम्पर्कलाई अझै सुगम तुल्याउनु हो। वास्तवमा अहिले बन्न लागेको सडक नेपाल–तिब्बतको पुरानो व्यापारिक मार्गको रूपमा छंदै थियो। अहिलेसम्म यो खच्चर हिंडने गोरेटोको रूपमा थियो।"

**त्रिवर्षीय योजना र काठमाडौं–कोदारी राजपथ**

यो २०१९ सालदेखि श्री ५ को सरकारबाट स्वीकृत हाम्रो दोस्रो योजना "त्रिवर्षीय योजना" लागू भै सकेको छ। ६० करोड नेपाली रुपैयां खर्च हुने यस योजनामा सबभन्दा ठूलो रकम यातायात र सञ्चारका साधन तथा बिजुलीको विकासको निमित्त पन्छाइएको-

बाट पनि देखिन्छ कि सरकार मुलुकको चौतर्फी उन्नतिका लागि पूर्ण कटिबद्ध छ। यो तीन वर्षे योजना अवधिमा यातायात तथा सञ्चारका साधनहरू र विद्युत् शक्तिको विकासको लागि ने.रु. २२ करोड ३० लाख खर्च गरिने भएको छ। यस योजनाकालमा ७८ माइल सडकमा पीच लगाउने, १६५ माइल फेयर वेदर ( Fair weather ) सडकलाई अलवेदर ( All weather ) सडक बनाउने कामका अतिरिक्त ७२४ माइल फेयरवेदर ( Fair weather ) सडक पनि निर्माण हुनेछ। सडकतर्फ-यो दोस्रो योजनाले पूर्व-पश्चिम राजमार्ग, काठमाडौं-कोदारी राजपथ, काठमाडौं-जनकपुर सडक, सुनौली-पोखरा सडक आदिको निर्माण कार्य पूरा गर्नेतर्फ विशेष जोड दिएको छ। यस प्रकार सञ्चार र यातायातका साधनको विकासमा सबभन्दा ठूलो रकम छुट्टयाइएको तथा मुलुकको निमित्त अत्यन्त जरूरी राजमार्गहरूको निर्माणलाई समावेश गरिएको हुंदा हाम्रो यो दोस्रो योजनाले देशको वास्तविक स्थिति र आवश्यकतालाई ध्यानमा राखी नेपाली जनताको वर्तमान युगको सबभन्दा ठूलो खांचो पूरा गर्दछ भन्ने कुरा स्पष्ट छ। यसैले सम्पूर्ण देशवासीले यस योजनालाई सफल पार्न

आफ्नो श्रम, पूंजी, ज्ञान वा आफूसंग भएको साधन र शक्ति लगाउनु परेको छ । पूर्व–पश्चिम राजमार्ग तथा काठमाडौं–कोदारी राजपथ जस्ता सडकहरूको निर्माण देश तथा देशवासीको आर्थिक विकासमा अवश्य पनि वर्तमान युगको चिरस्मरणीय बरदान हुनेछ ।

नेपाल आज निर्माणको युगमा प्रवेश गरिरहेको छ र राष्ट्रनायक श्री ५ महाराजाधिराजको कुशल नेतृत्वमा नेपाली मात्रले मुलुकको द्रुततर उन्नति गर्न कम्मर कसेका छन् । विश्वका विकसित राष्ट्रहरूले सयौं वर्ष लगाएर हासिल गरेको लक्षमा हामीले एक दुइ दशकमा नै पुग्नु छ । यसैले विकासको बाटोमा हामीले लामा लामा फड्काका साथ अगाडि बढ्नु छ । आज वाद ( ism ) र वादविवादको झमेलामा पर्ने हामीलाई फुर्सत छैन । हामीलाई काम चाहिएको छ, देशनिर्माण चाहिएको छ । हाम्रो एउटै लक्ष छ, निर्मल कञ्चन लक्ष छ– राष्ट्रको उन्नति गर्नु र हामी सबैको एउटै प्रण छ– जनजीवनको स्तर उंचो गर्नु । यस घडीमा नेपाली आदर्श, संस्कृति र परम्परा अनुकूल पञ्चायती व्यवस्था राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट देशलाई बक्सेको छ । नेपाली

मात्रको यो अहोभाग्य हो कि राष्ट्रोन्नतिका निमित्त हामीलाई हरदम प्रेरणा र हौसला बक्सने आदर्श राजा हामीले पाएका छौं ।मौसूफबाट नेपालको लागि यस युगको सबभन्दा ठूलो देन हुने पूर्व–पश्चिम राजमार्ग बनाउन देशवासीलाई आह्वान गरिबक्स्यो र मौसूफको चीन भ्रमणका अवसरमा नै महत्वपूर्ण काठमाडौं–कोदारी राजपथ निर्माण बारे मित्रराष्ट्र गणतन्त्र चीनसंग समझौता सम्पन्न भयो । देशमा विभिन्न कलकारखानाहरूको स्थापना हुंदैछ, साथै कृषिको पनि समयानुकूल विकास हुंदैछ । यस बखत बाटोघाटोको महत्व हामी सबैले हृदयतः महसूस गर्नु हाम्रो उज्ज्वल भविष्यको सूचक हो । आज हामी सबै मिलेर बाटो बनाउनु छ, यो नै मुलुकको चौतर्फी विकासको बाटोमा ठूलो देन हुनेछ ।